हरिप्रसाद बासुकला भक्तपुर नगरपालिका, वडा नं. २ का वडाध्यक्ष हुनुहुन्छ। गएको वैशाख ३१ गते भएको निर्वाचनमा उहाँ २८८१ मत ल्याई विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्दीको मत ९४३ थियो।

उहाँको जन्म माता गणेशमाया र पिता हरि बासुकलाको तेश्रो सन्तानको रूपमा २०३३ चैत्र २५ गते ब्यासीमा भएको हो। वहाँका दुई दिदी, एक भाइ र दुई बहिनी (सबै विवाहित) हुनुहुन्छ।

वहाँका अर्धाङ्गिनी रिता मैया हुनुहुन्छ। उहाँहरूका छोरा रियाज र छोरी रेभा हुनुहुन्छ।

वहाँले बासु स्कूलबाट एसएलसी र भक्तपुर बहुमुखी क्याम्पसबाट अर्थशास्त्रमा स्नातक गर्नुभएको छ। वडाध्यक्षको उम्मेदवार हुनुअघि वहाँ शिक्षक पेशामा हुनुहुन्थ्यो।

विद्यार्थी जीवनमै राजनीतिमा प्रवेश गर्नु भएका हरिप्रसाद २०५० सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी संघको प्रारम्भिक समितिको अध्यक्ष भई काम गर्नुभयो। वहाँले नेक्राविसंघ भक्तपुर जिल्ला समितिका सदस्य र कोषाध्यक्ष भई जिम्मेवारी निर्वाह गर्नुभयो। भक्तपुर बहुमुखी क्याम्पसमा अध्ययनरत छँदा नेक्राविसंघ एकाइ समितिको अध्यक्ष हुनुभयो। २०५७ सालको स्वतन्त्र विद्यार्थी युनियनको चुनावमा उहाँ नेक्राविसंघको तर्फबाट सभापतिको उम्मेदवार हुनुभयो। हाल वहाँ नेपाल मजदुर किसान पार्टीको २ वडा समन्वय समितिको अध्यक्ष हुनुहुन्छ।

विद्यार्थी राजनीतिका साथै पार्टीको गतिविधिमा निरन्तर लागिरहनु भएका हरिप्रसाद प्रतिगमन विरोधी २०६२/६३ को आन्दोलनमा सक्रिय रहनु भयो।

नेमकिपाको चुनावलाई उपयोग गरी देश र जनताको सेवा गर्ने नीति अनुरूप २०५४ सालको स्थानीय निकायको चुनाव, संविधान सभाका चुनावहरू लगायतमा वहाँ नेमकिपाको विचारहरू जनताको घर दैलोमा पुऱ्याउन सक्रिय पूर्वक खट्नु भयो।

ख्वप साकोसको अध्यक्ष रहनु भएका हरिप्रसाद ब्यासी ब्याडमिन्टन क्लबका सल्लाहकार पनि हुनुहुन्छ। वहाँले स्थानीय विकास निर्माणका लागि गठन गरिएका विभिन्न उपभोक्ता समितिहरूमा बसेर काम गर्नुभयो।

उहाँले ब्यासीमा भएको ३४ औं नेपाल भाषा साहित्य तः मुंज्या तथा सांस्कृतिक सम्मेलनको आयोजक समितिको अध्यक्षको जिम्मेवारी वहन गरी तःमुंज्या सफलतासाथ सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो।

२०७२ साल वैशाख १२ गतेको महाभूकम्प र त्यसपछि भूकम्प र पराकम्पको कारण जनजीवन अस्तव्यस्त भयो। आपद् विपद्को बेला वहाँ शिविर स्थापना र व्यवस्थापन, भग्नावशेष पन्छाउने कार्यहरूमा सक्रियता पूर्वक लाग्नुभयो।